**श्री रुपन्देही जिल्ला अदालत, सिद्धार्थनगर**

**शौचालय निर्माण सम्वन्धि सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित
मितिः- २०७३।१।१४

यस आ.व. २०७२/०७३ सालमा रुपन्देही जिल्ला अदालतको परिसर भित्र शौचालय निर्माण गर्नु पर्ने कार्यको लागी निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका इच्छुक निर्माण व्यवसायीबाट तपसिलको शर्त को अधीनमा रही सिलबन्दि दरभाउ पत्र आव्हान गरिन्छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यलय समयमा यस अदालतबाट तपसीलमा उल्लेख भए बमोजिमको दस्तुर फिर्ता नहुने गरि नगदै बुझाई आ.व. ०७१/०७२ सम्म मान्य भएको आयकर स्थायी लेखा नं.(PAN NO.) लिएको मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाण पत्र, स्वघोषणा पत्र र अध्यावधिक नवीकरण सहीतको ठेक्का इजाजतपत्रको प्रमाणीत प्रतिलिपी संलग्न राखी शिलबन्दि दरभाउ पत्र फारम खरीद गर्न सकिने छ।

२. शिलबन्दि दरभाउ पत्र फारम साथ रहको विल अफ क्वान्टीटी दर रेट लेख्नका लागि छुट्याइएको अंक र अक्षर महलमा सकार गरेको, मुल्य अभिवृद्धि कर बाहेकका दर रेट स्पष्ट संग लेखी प्रत्येक पानामा हस्ताक्षर गरि पेश गर्नु पर्ने छ। अंक र अक्षरमा दर रेटमा फरक पर्न गएमा अक्षरमा लेखिएको दर रेट लाई मान्य दिइने छ।

३. शिलबन्दि दरभाउ पत्र भर्दा केरमेट भएको स्थानमा हस्ताक्षर गरिएको हुनु पर्ने छ।

४. शिलबन्दि दरभाउ पत्र साथ जमानत वापतको विडवण्ड तपसीलमा उल्लेख भए बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि विकास बैंक लिमिटेड भैरहवा स्थित धरौटी तर्फको एक्कल कोष खाता नं. १४६०-१०१४-२५३०४७ मा जम्मा गरेको भौचर वा सोही रकम बराबर बाणिज्य बैंकले यस अदालतको नाममा जारी गरेको कम्तीमा दाखिल गर्ने दिन देखि १२० दिन म्याद भएको दरभाउ पत्र जमानत संलग्न गर्नु पर्ने छ।

५. दरभाउ पत्र साथ संलग्न प्राविधिक क्षमता मुल्याङकन कार्यका लागि उल्लेखित आधार बमोजिम आवश्यक अनुगमनका प्रमाण पत्र समेत पेश गर्नु पर्ने छ।

६. म्याद भित्र खरिद गरिएको शिलबन्दि दरभाउ पत्र तपसीलमा उल्लेख भए बमोजिम अन्तिम दिनको १२ बजे सम्म खामको बाहिर ठेक्का नं., कार्यको नाम, फार्मको नाम र ठेगाना लेखी यस जिल्ला अदालतमा दर्ता गर्नु पर्ने छ। प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा खामबन्दि गरि पुन एउटा खाममा खामबन्दि गरिएको हुनु पर्ने छ।

७. दर्ता भएको सिलबन्दि दरभाउ पत्र तपसील बमोजिमको दिनको २ बजे अदालत (कार्यालय), ठेकेदार र प्रतिनिधीका रोहवरमा खोलिने छ। दरभाउपत्र दाताहरु तथा प्रतिनिधीको उपस्थिति नभएमा पनि खोल्न बाधा पर्ने छैन।

८. शिलबन्दि दरभाउ पत्र खरीद गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन पूर्व निधारित भए बमोजिम नै गरिने छ।

९. जुन फर्मको लागि जुन शिलबन्दि दरभाउ पत्र अदालतबाट जारी गरिएको हो सोही दरभाउ पत्र फारममा भरि पेश गर्नु पर्ने छ।

१०. दरभाउ पत्र खरिद गर्दा रुपन्देही जिल्ला अदालतको कोड नं. ३७-२०४-०१ मा राजस्व खातामा शिर्षक नं. १४२२७ मा दाखिल गरि नगदी रसिद राख्नु पर्ने छ।

११. दरभाउ पत्र स्वीकृत भए पछि ठेक्का अंक को ५% ले हुने रकम बराबरको नगद भौचर वा सो बराबरको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा १ महिना बढि म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ।

१२. शिलबन्दि दर्ता गर्नु पर्ने फार्महरुले शौचालय निर्माण सबै कामको सम्बन्धमा राम्ररी बुझि दरभाउ पत्र भरेको मानिने छ।

१३. शिलबन्दि दरभाउ पत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयमा सोझै सम्पर्क गरि बुझ्न सकिने छ।

१४. रीत नपुगेका, शर्त गरिएका र म्याद नाघी प्राप्त हुन आएका शिलबन्दि दरभाउ पत्र कुनै कार्यवाही हुने छैन।

१५. शिलबन्दि दरभाउ पत्र सम्बन्धि सूचना सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np मा समेत हेर्न सकिने छ। साथै शिलबन्दि दरभाउ पत्र सम्बन्धि थप जानकारी आवश्यक परेमा यस अदालतको आर्थिक प्रशासन शाखा वा फोन नं. ०७१-५२०२९९ मार्फत पनि बुझ्न सकिने छ।

१६. यस सूचनामा छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित ऐन बमोजिम हुने छ।

**तपसील**

| सि.नं | ठेक्का नं. | कामको नाम | कुल लागत अनुमान र मुल्य अभिवृद्धि कर बाहेक | धरौटी रु | दस्तुर रकम | दरभाउ पत्र खरीद अन्तिम मिति | दर भाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोल्ने समय र मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।०७२।०७३ | शौचालय निर्माण | १२,५५,७१५।३८ | ६२७६।- | १०००।- | २०७३।१।२८ दिनको १२ बजे सम्म | २०७३।१।२८ साझ ५ बजे सम्म | २०७३।१।२९ गते २ बजे |

शाखा अधिकृत